**नेपाल राष्ट्र बैंक**
**केन्द्रीय कार्यालय**
**मानव संसाधन व्यवस्थापन विभागको**

**अनलाईन (Online) दरखास्त फारम सम्बन्धी सूचना**
**(मिति : २०८१/६/१८)**

यस बैंकमा रिक्त रहेका देहायबमोजिमका पदमा करारमार्फत् पूर्ति गर्नुपर्ने भएकोले देहायबमोजिमको योग्यता पुगेका इच्छुक योग्य नेपाली नागरिकहरुबाट मिति २०८१/०६/१८ गतेदेखि मिति २०८१/०७/०२ गतेसम्म अनलाइन दरखास्त आव्हान गरिएको छ। दरखास्त साथ आफूले प्राप्त गरेको शैक्षिक योग्यता, नागरिकताको प्रमाणपत्र, तोकिएको अनुभव खुल्ने प्रमाणपत्र तथा अन्य सम्पूर्ण प्रमाणपत्र स्क्यान गरी संलग्न गर्नुपर्नेछ। दरखास्त दस्तुर भुक्तानी नभएका वा म्याद नाघी प्राप्त हुन आएका वा रीत नपुगी पेश हुन आएका दरखास्त उपर कुनै किसिमको कारवाही हुने छैन। झुट्टा विवरण पेश गरी दरखास्त फाराम भरेमा सोको उम्मेदवार स्वयं जवाफदेही हुनुपर्नेछ। शर्त राखी कुनै पनि दरखास्त स्वीकृत गरिने छैन।

| क्र.सं. | विज्ञापन नं. | पद | माग संख्या | न्यूनतम शैक्षिक योग्यता | अनुभव |
|---|---|---|---|---|---|
| १ | १०१/२०८१ | रक्षक | ४ | SEE वा सो सरह उत्तीर्ण | • कुनै कसुर नलागी नेपाली सेनाबाट निवृत्तिभरण प्राप्त जमदार वा सुवेदार वा सो सरह |
| २ | १०२/२०८१ | सिपाही | ६ | आठ कक्षा उत्तीर्ण | • कुनै कसुर नलागी नेपाली सेनाबाट निवृत्तिभरण प्राप्त हुद्दा वा अमलदार वा प्यूठ वा सिपाही वा सो सरह |
| ३ | १०३/२०८१ | सिपाही (महिला) | ३ | आठ कक्षा उत्तीर्ण | • कुनै कसुर नलागी नेपाली सेनाबाट निवृत्तिभरण प्राप्त हुद्दा वा अमलदार वा प्यूठ वा सिपाही वा सो सरह |
| ४ | १०४/२०८१ | पिपा | ७ | आठ कक्षा उत्तीर्ण | • कुनै कसुर नलागी नेपाली सेनाबाट निवृत्तिभरण प्राप्त बन्दोबस्ती कार्य सिपाही वा बन्दोबस्ती कार्य हुद्दा वा सो सरह |
| ५ | १०५/२०८१ | सवारी चालक | ६ | आठ कक्षा उत्तीर्ण | • नेपाल राष्ट्र बैंक वा बैंक तथा वित्तीय संस्था वा नेपाल सरकारका निकायमा कम्तीमा १० वर्ष सवारी चालक सम्बन्धी कार्य अनुभव प्राप्त गरेको।<br>• नेपाल सरकारको सम्बन्धित निकायबाट कार, जिप र डेलिभरी भ्यानको चालक अनुमतिपत्र प्राप्त गरी नवीकरण भएको अवस्थामा रहेको। |
| ६ | १०६/२०८१ | खरिद अधिकृत | २ | Master's degree in relevant field such as procurement, business administration or engineering | • At least 5 years of experience in public procurement in Nepalese government agencies, with specific experience in national and international bidding processes for works, goods and services.<br>• Should have accomplished at least 5 complete National bidding and at least 1 complete international bidding process.<br>• In-depth knowledge of procurement regulations and practices in Nepal<br>• Strong analytical and communication skills.<br>• Experience in conducting bid evaluations and contract negotiations<br>• Fluency in English and Nepali Language |
| | | | | तालिम | • Should have training related to public procurement from reputed agency. |

**अन्य विवरण**

| | | |
|---|---|---|
| १. उम्मेदवारको उमेर हद | : | दरखास्त दिने अन्तिम मितिमा ४५ वर्ष ननाघेको |
| २. उम्मेदवारको छनोट विधि | : | लिखित परीक्षा, प्रयोगात्मक तथा अन्तर्वार्ता । (दरखास्त स्वीकृत भएका उम्मेदवारहरुको संख्या १०० वा सोभन्दा कम भएमा खरिद अधिकृतको हकमा अन्तर्वार्ता तथा अन्य विज्ञापनको हकमा प्रयोगात्मक र अन्तर्वार्ता दुवै परीक्षामात्र हुनेछ ।) |
| ३. स्वीकृत नामावली प्रकाशन | : | बैंकको वेबसाइटमा पछि प्रकाशन गरिने । |
| ४. परीक्षा कार्यक्रम प्रकाशन | : | बैंकको वेबसाइटमा पछि प्रकाशन गरिने । |
| ५. करार सम्झौता अवधि | : | करार सम्झौताको अवधि ६ महिनाको हुनेछ । |
| ६. पारिश्रमिक तथा अन्य सुविधा | : | बैंकको नियमानुसार करारनामामा उल्लेख भए बमोजिम हुनेछ । |
| ७. काम गर्नुपर्ने कार्यालय | : | महिला सिपाहीको हकमा बैंकको बिराटनगर, जनकपुर र सिद्धार्थनगर कार्यालयमा, खरिद अधिकृतको हकमा बैंकको केन्द्रीय कार्यालयमा तथा अन्य पदहरुको हकमा आवश्यकताअनुसार बैंकको केन्द्रीय कार्यालय तथा प्रदेशस्थित कार्यालयहरुमा खटाउन सकिने । |
| ८. सेवा सम्बन्धी शर्त | : | दुवै पक्षबीच हुने करारनामामा उल्लिखित शर्तअनुसार हुनेछ । |
| ९. अनलाईन दरखास्त पेश गर्ने तरीका | : | यस बैंकको website: www.nrb.org.np मा Career भित्र राखिएको Online Portal for Contract Application बाट भर्न सकिनेछ । |
| १०. परीक्षा दस्तुर | : | खरिद अधिकृतको हकमा रु.१०००।- तथा अन्य विज्ञापनको हकमा रु.८००।-(रीत नपुगेको कारणले आवेदन फारम अस्वीकृत हुने आवेदकहरुको परीक्षा दस्तुर फिर्ता हुने छैन ।) |
| ११. परीक्षा दस्तुर बुझाउने प्रक्रिया | : | अनलाईन दरखास्त फाराम Submit गरेपश्चात् पोर्टलमा रहेका भुक्तानी सेवा प्रदायक मार्फत् बुझाउन सकिनेछ । |
| १२. दरखास्त दिने अन्तिम मिति | : | २०८१/७/२ |

नोटः

क) सबै पदको परीक्षा कार्यक्रम (लिखित, प्रयोगात्मक र अन्तर्वार्ता) काठमाडौंमा सञ्चालन हुनेछ ।

ख) दरखास्त दिने उम्मेदवारको फोटो हालसालै खिचिएको हुनुपर्ने छ ।

ग) दरखास्त पेश गर्दा कुनै द्विविधा भएमा यस बैंकको मानव संसाधन व्यवस्थापन विभाग बालुवाटार, फोन नं. ०१५७१९६९०/९१/९२ (एक्सटेन्सन १२१४ वा १२१८) मा अथवा बैंकको ईमेल ठेगाना career@nrb.org.np मार्फत् सम्पर्क गर्न सकिनेछ ।

घ) यो सूचना तथा उल्लिखित पदको पाठ्यक्रम यस बैंकको website: www.nrb.org.np को Career अन्तर्गत Notices भित्र राखिएको छ ।

उप-निर्देशक

तथा

सदस्य सचिव-पदपूर्ति उपसमिति